नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

बबरमहल, काठमाडौं

## मितिः २०८१/०५/३१ र २०८१/०६/०२

## प्रेस नोट

खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले काठमाडौं उपत्यका भित्र खाद्य पदार्थहरुको निरीक्षण तथा अनुगमनको लागि दैनिक रुपमा दुई वटा अनुगमन टोली खटाइ निरिक्षण अनुगमन कार्य गरिरहेको छ ।

खाद्य पदार्थको स्वच्छता र गुणस्तर नियमनका लागि मिति २०८१/०५/३१ गते नियमित अनुगमन निरीक्षण गर्ने क्रममा अनुगमन टोलीले का.म.न.पा. -१३, बालाजु स्थित विभिन्न होटल/रेस्टुरेन्टको अनुगमन निरीक्षण गरेको थियो । अनुगमनका क्रममा V.F.C. रेस्टुरेन्ट प्रा.लि., बालाजुको सरसफाई, तेलको गुणस्तर र भण्डारणको अवस्था सन्तोषजनक रहेको थियो । त्यसै दिन बालाजु बर्गर हाउस, बालाजुमा अनुगमन गर्दा खाद्य पदार्थ तार्ने तेलको Total Polar Material (TPM) ३६.५ % पाइएकोले करिब ५ लिटर तेल नष्ट गरिएको थियो । यसै गरी न्यू रातो भाले रेस्टुरेन्ट, बबरमहलमा किचेनको सरसफाई, भौतिक पूर्वाधार र भण्डारणमा खाद्य स्वच्छता कायम गर्न आवश्यक निर्देशन दिइएको थियो ।

मिति २०८१/०५/३१ गते अनुगमन टोलीद्वारा सुर्यविनायक -५ भक्तपुर स्थित लक्ष्मी चाट एण्ड स्विट हाउसमा अनुगमन गर्दा खाद्य पदार्थ तार्ने तेलको TPM २५% पाइएकोले करिब ३ लिटर तेल नष्ट गरिएको थियो । सोही दिन सल्लाघारी-५ भक्तपुर स्थित सल्लाघारी क्रंची फ्राइड चिकेन एण्ड बर्गर हाउसमा अनुगमन गर्दा खाद्य पदार्थ तार्ने तेलको TPM ४५% पाइएकोले करिब १५ लिटर तेल नष्ट गरिएको थियो र खाद्य स्वच्छता कायम गर्न आवश्यक सुधार गरी ५ दिनभित्र विभागमा उपस्थित हुन निर्देशन दिइएको थियो । अनुगमनको क्रममा कोटेश्वर-३२ स्थित मेवा बेकरी उद्योगमा उपभोग्य मिति समाप्त भएका फ्लेवर र सुर्यविनायक बर्गर हाउस एण्ड क्रंची फ्राइड चिकेनमा उपभोग्य मिति सकिएको ५ थान दुध नष्ट गरिएको थियो ।

खाद्य पदार्थको स्वच्छता र गुणस्तर सम्बन्धमा यस विभागमा प्राप्त (मिति २०८१/०६/०२) गुनासो सम्बोधनका लागि आकस्मिक बजार अनुगमन निरीक्षण (-यापिड रेस्पोनस् मोडालिटिमा) गर्ने क्रममा अनुगमन टोलीले भक्तपुर पुरानो ठिमी-६ स्थित न्यू मध्यपुर फास्ट फुडमा अनुगमन गर्दा सो रेस्टुरेन्टको भौतिक अवस्था सन्तोषजनक नपाइएको र सोको व्यवस्थापन गर्नको साथै खाद्य पदार्थमा स्वच्छता कायम गर्न निर्देशन दिइएको थियो । साथै दाउरा थकाली प्रा.लि.,वडा नं-३२, पुरानो सिनामंगलमा अनुगमन गर्दा उपभोग्य मिति समाप्त भएका ३ थान चाउमिन (६०० ग्राम), २ प्याकेट १०० ग्रामको खाद्य रंग र खाद्य पदार्थ तार्ने तेलको TPM २६% पाइएको हुँदा उक्त तेल नष्ट गरिएको थियो । सो भोजनालयलाई खाद्य स्वच्छता कायम गर्न खाद्य पदार्थ तार्ने तेल बारम्बार प्रयोग नगर्न, फोहोरदानी सफा तथा छोपेर राख्न, expiry zone बनाउन, First In First Out प्रणाली लागु गर्न निर्देशन दिई सोको पालना गरी ५ दिन भित्र विभागमा उपस्थित हुन निर्देशन दिइएको छ ।

यसै गरी मिति २०८१/०६/०२ मा अनुगमन टोलिले काठमाडौं जिल्लामा रहेका विभिन्न आहारपुरक खाद्य पदार्थ बिक्री वितरण गर्ने पसल/फारमको अनुगमन तथा निरीक्षण गर्दा बोनस ट्रेडीङ प्रा.लि., का.म.न.पा.-१८ ले बिक्री वितरण गर्ने Livomax, Irolet, Evizon र Vti-care आहारपुरक खाद्य पदार्थ Product registration बमोजिम फरक पाइएको हुँदा थप अनुसन्धान गर्नुपर्ने देखिएकाले गोदाममा भएका स्टक बिक्री वितरण नगर्नका साथै सो खाद्य वस्तु यथाशिघ्र recall गरि ५ दिनभित्र विभागमा परिमाण यकिन गरी लिखित जानकारी दिन निर्देशन दिएको छ ।अनुगमन टोलीले रांयफोर्ट फर्मा, का.म.न.पा.-१८ मा अनुगमन गरी व्यवसाय दर्ता प्रमाणपत्रमा आहारपुरक खाद्य पदार्थको बिक्री वितरणको उद्देश्य थपेर र विभागमा दर्ता भएका आहारपुरक खाद्य पदार्थहरु मात्र बिक्री वितरण गर्न निर्देशन दिएको छ ।

खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग
२०८१/०६/०२

नेपाल सरकार
...पशुपन्छी विकास मन्त्रालय
...तथा गुण नियन्त्रण विभाग
काठमाडौं